आज मिति २०७४।०३।१७ गते बुधवारका दिन यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठकमा तपशिलका प्रस्ताव माथि छलफल गरी देहाय वमोजिमको निर्णय गरियो ।

| क.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री कर्ण वहादुर मगर | |
| २ | उपाध्यक्ष | श्री पदम माया तामाङ | |
| ३ | प्रमुख प्रशासकिय अधिकृत | श्री विष्णु प्रसाद सुवेदी | |
| ४ | कार्यपालिका सदस्य | श्री गोबिन्द बहादुर राउत | |
| ५ | कार्यपालिका सदस्य | श्री हेम बहादुर श्रेष्ठ | |
| ६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर स्याङ्तान | |
| ७ | कार्यपालिका सदस्य | श्री खड्ग बहादुर भुजेल | |
| ८ | कार्यपालिका सदस्य | श्री दिनेश कुमार रमौली | |
| ९ | कार्यपालिका सदस्य | श्री बिर वहादुर पुलामी | |
| १० | कार्यपालिका सदस्य | श्री कोमल बहादुर खपाङ्गी | |
| ११ | कार्यपालिका सदस्य | श्री रेखराज अधिकारी | |
| १२ | कार्यपालिका सदस्य | श्री शेर बहादुर मगर | |
| १३ | कार्यपालिका सदस्य | श्री पुण्यहरी भुजेल | |
| १४ | कार्यपालिका सदस्य | श्री हित लाल श्रेष्ठ | |
| १५ | कार्यपालिका सदस्य | श्री जगदिश्वर तोलाङ्गी | — |
| १६ | कार्यपालिका सदस्य | श्री दुध कुमारी ठकुरी | दुध |
| १७ | कार्यपालिका सदस्य | श्री देवमाया श्रेष्ठ | देवमाया |
| १८ | कार्यपालिका सदस्य | श्री टेक बहादुर परियार | — |
| १९ | कार्यपालिका सदस्य | श्री भगवति श्रेष्ठ | — |
| २० | कार्यपालिका सदस्य | श्री गीता माया थापा | गा |

सहायक कर्मचारी : गोपाल प्रसाद पराजुली

सहायक कर्मचारी :- सञ्जय थापा

सहयोगी कर्मचारी :- चन्द्रिका थापा

प्रस्तावहरु

१. "घ" वर्गको इजाजत पत्र सम्वन्धमा ।

२. आन्तरिक ढुवानी दररेट सम्वन्धमा ।

३. जिल्ला विपद् व्यवस्थापन कोषको लागि सहयोग सम्बन्धमा ।

४. मालपोतको न्युनतम मुल्याङ्कन सम्वन्धमा ।

५. आ.व. ०७७।७८ को वजेट माथि छलफल सम्वन्धमा ।

निर्णय

निर्णय नं.१ माथि छलफल गर्दा अधिकारी कन्स्ट्रक्सन, तीनपाटन-१ बेलघारी र करुणा निर्माण सेवा, तीनपाटन-२ भिमस्थानवाट तीनपाटन गाउँपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धि कार्यविधि, २०७५ बमोजिम सम्पूर्ण प्रक्रिया पुरा गरी इजाजत पत्रको लागि निवेदन पेश हुन आएकाले इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २ माथि छलफल गर्दा तीनपाटन गाउँपालिकाको दररेट निर्धारण समितीवाट पेश भएको स्थानिय निर्माण सामग्री ढुवानि भ्याला लगायतको दररेट संशोधन सहित पारित गरी आगामि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ माथि छलफल गर्दा जिल्ला विपद कोषमा सहयोग स्वरुप रु ५००००।- (अक्षरेपी पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४ माथि छलफल हुदाँ आ.व. ०७७।७८ का लागि देहाय बमोजिमका स्थानहरुमा रहेका जग्गाहरुको रजिस्ट्रेशन बापतको न्यूनतम मूल्याङ्कनमा संशोधन गरी मालपोत कार्यालय, सिन्धुलीलाई लेखी पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | पेज नं. | वडा नं. र स्थान | साविक ०७६।७७को न्युनतम मूल्याङ्कन | हाल ०७७।७८को संशोधित न्युनतम मूल्याङ्कन |
|---|---|---|---|---|
| १ | ५ | १,२ र ३ साविक पाटनदेवी | (क) हाल भिमस्थान गा.वि.स अन्तर्गत पर्ने सिन्धुली चकमके सडकका दायाँ वायाँ का जग्गाहरु प्रतिकट्ठा रु ३,००,०००।- | (क) हाल भिमस्थान गा.वि.स अन्तर्गत पर्ने सिन्धुली चकमके सडकका दायाँ वायाँ का जग्गाहरु प्रतिकट्ठा रु ५,००,०००।- |
| २ | ५ | १,२र ३ साविक पाटनदेवी | (ख) हाल वेलघारी गाविस अन्तरगत पर्ने वडा नं. २ को भुकुनेखोला देखि वडा नं. १ को आँपबोट सम्म सडकका दायाँ वायाँका जग्गाहरु प्रतिकट्ठा २,००,०००।- | (ख) हाल वेलघारी गाविस अन्तरगत पर्ने वडा नं. २ को भुकुनेखोला देखि वडा नं. १ को आँपवोट हुँदै भुगा खोला सम्म सडकका दायाँ वायाँका जग्गाहरु प्रतिकट्ठा १०,००,०००।- |
| ३ | ५ | १, २ र ३ साविक पाटनदेवी | (ग) पाटनदेवी ( भिमस्थान र वेलघारी) अन्तरगत सवै वडाका ग्रामिण सडकमा पर्ने जग्गाहरु सिफारिसमा वाटो उल्लेख भएका जग्गाहरु प्रतिकट्ठा १,००,०००।- | (ग)पाटनदेवी ( भिमस्थान र बेलघारी) अन्तरगत सवै वडाका ग्रामिण सडकमा पर्ने जग्गाहरु सिफारिसमा वाटो उल्लेख भएका जग्गाहरु प्रतिकट्ठा २,००,०००।- |
| ४ | ५ | १, २ र ३ साविक पाटनदेवी | (ङ) वडा नं. ३ (झ) झर्लाङ्टारका धनहर खेत सवै प्रतिकट्ठा रु १,००,०००।- | (ङ) वडा नं. ३ (झ) झर्लाङ्टारका धनहर खेत वाटो आसपास सवै प्रतिकट्ठा रु ३,००,०००।- र वाँकी १,००,०००।- |

| | | | | |
|---|---|---|---|---|
| ५ | ६ | ९, १० र ११ साविक त्रिभुवन आम्वोटे | (क) सिन्धुली- चकमके- तिल्पुङ जाने र चकमकेवाट आम्वोटे जाने मोटरवाटोको दायाँ-वायाँ जग्गाहरु प्र.क. रु २,५०,०००।- | (क) सिन्धुली- चकमके- तिल्पुङ जाने र चकमकेवाट आम्वोटे जाने मोटरवाटोको दायाँ-वायाँ जग्गाहरु प्रतिकठ्ठा रु ५,००,०००।- |
| ६ | ६ | ९, १० र ११ साविक त्रिभुवन आम्वोटे | (घ)साविक त्रिभुवन आम्वोटे वडा नं. ७क समेत (हाल लाम्पन्टार वडा नं. ४,३,१ मा पर्ने खेत प्रतिकठ्ठा रु २,००,०००।- | (घ)साविक त्रिभुवन आम्वोटे वडा नं. ७क समेत (हाल लाम्पन्टार वडा नं. ४,३,१ मा पर्ने धनहर खेत प्रतिकठ्ठा रु ५,००,०००।- |
| ७ | ६ | ४ ,५ र ६ साविक वालाजोर | (क) वालाजोर अन्तरगत सबै वडाका ग्रामिण सडकमा पर्ने जग्गाहरु, गाविसको सिफारिसमा वाटो उल्लेख भएका जग्गाहरु प्रतिकठ्ठा रु १,००,०००।- | (क) वालाजोर अन्तरगत सबै वडाका ग्रामिण सडकमा पर्ने जग्गाहरु, गाविसको सिफारिसमा वाटो उल्लेख भएका जग्गाहरु प्रतिकठ्ठा रु २,००,०००।- |
| ८ | ६ | ४ ,५ र ६ साविक वालाजोर | (ख) माथि प्रकरण नपरेको सिफारिसमा गोरेटो वाटो भएको वा ट्रेसमा वाटो देखिएका जग्गा प्रतिकठ्ठा रु ५०,०००।- | (ख) माथि प्रकरण नपरेको सिफारिसमा गोरेटो वाटो भएको वा ट्रेसमा वाटो देखिएका जग्गा प्रतिकठ्ठा रु १,००,०००।- |

निर्णय नं. ५ माथि छलफल गर्दा आ.व. ०७७।७८ को आय व्यय विवरण संघ, प्रदेश वाट प्राप्त योजना र वजेट माथि छलफल गरियो साथै थप छलफलका लागि मिति २०७७।०३।१८ मा पुन: बैठक वस्ने निर्णय गरियो ।